नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग

कार्यालय कोडः३५८०३२५०१

PAN: २०१४३३१८६

# जिल्ला हुलाक कार्यालय सिन्धुली

## सेवा (संस्था) करारमा लिने सम्बन्धी सूचना ।।

(सूचना नं. ०१/२०८३/०८४)

सूचना प्रकाशन मितिः २०८३/०४/१५

यस जिल्ला हुलाक कार्यालय, सिन्धुलीमा स्मार्ट हुलाक सेवा प्रवाह तथा नेपाल सरकारको एकसय कार्यसूचिको बुँदा नं. २७ अनुरुप राहदानी वितरण सम्बन्धी घरदैलो सेवा प्रवाह लगायतका लागि तपसिलमा उल्लेखित पद र संख्यामा न्यूनतम ३(तीन) महिना अवधिको लागि सेवा (संस्था) करारमा लिनुपर्ने भएकोले आवश्यक जनशक्तिको व्यवस्था गर्नसक्ने इच्छुक फर्म, संस्था वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र रु. १० (दश) को हुलाक टिकट टाँस गरिएको निवेदन र दररेट सहितको प्रस्ताव पेश गर्नुहुन जानकारी गराइन्छ। सो पदको कार्यविवरण, पारिश्रमिक र सेवाका शर्तहरू सहितको विस्तृत विवरण कार्यालयको प्रशासन तथा जिन्सी शाखाबाट बुझ्न सकिनेछ।

## तपसिल

| क्र.सं. | विज्ञापन नं. | पद | श्रेणी/तह | सेवा/ समुह/ उपसमुह | माग संख्या | शैक्षिक योग्यता | कार्य स्थल |
|---|---|---|---|---|---|---|---|
| १. | १०१/२०८३/०८४ | हुलाकी | श्रेणीविहीन | ने.प्र./ सा.प्र. | ५ (पाँच) | SLC/SEE | जिल्ला हुलाक कार्यालय, सिन्धुली वा अन्तर्गतका हुलाक कार्यालयहरू |

१. सेवा प्रदान गर्ने कर्मचारीको योग्यताः
- क. नेपाली नागरिक हुनुपर्नेछ।
- ख. १८ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ।
- ग. कम्तीमा SLC/SEE उत्तीर्ण भएको हुनुपर्नेछ तथा सो भन्दा बढी शैक्षिक योग्यता भएकोलाई प्राथमिकता दिईनुपर्नेछ।
- घ. आवश्यक सञ्चार कलासँगै कम्प्यूटर सीप सिकेको प्रमाणपत्र प्राप्त भएको हुनुपर्नेछ।
- ङ. दुईपाङ्ग्रे सवारी चालक अनुमतिपत्र प्राप्त गरी चलाउन सक्षम रहेको हुनुपर्नेछ।

च. साधारण नेपाली अंग्रेजी पढ्न र लेख्न सक्ने (नाम, ठेगाना, फोन नम्बर, घर नम्बर जस्ता आधारभूत बिषय) हुनुपर्नेछ।

छ. अनुशासित, ईमान्दार, बफादार, शिष्ट र कर्तव्य पालनामा कर्मठ हुनुपर्नेछ।

ज. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको हुनुपर्नेछ।

२. सेवा प्रदायकले सबै कर्मचारीको हालसालैको स्वास्थ्य परीक्षण प्रतिवेदन (निरोगिताको प्रमाणपत्र) बुझाउनुपर्नेछ।

३. सेवा प्रदायकले सबै कर्मचारीहरुको स्थायी लेखा नम्बर (PAN) दर्ता गराउनु पर्नेछ र पारिश्रमिक भुक्तानी गर्दा सामाजिक सुरक्षा कर बाहेकको रकम अनिवार्य रुपमा बैंक खाता मार्फत दिनुपर्नेछ।

४. सेवा प्रदायकले कार्यालयमा खटिएको कर्मचारी लामो अवधि बिदामा बस्दा वा बिरामी भएमा वा अन्य कुनै कारणले उपस्थित हुन असमर्थ भएमा अर्को कर्मचारी उपलब्ध गराई कार्यालयको सेवा प्रवाहमा कमी हुन नदिने व्यवस्था मिलाउनुपर्नेछ।

५. सेवा प्रदायकले कर्मचारीलाई दिने पारिश्रमिक प्रचलित कानुनले तोकेको न्यूनतम पारिश्रमिक भन्दा कम नहुने गरी प्रबन्ध मिलाउनुपर्नेछ।

६. प्रस्तावदाताले प्रस्तावका साथ पेश गर्नुपर्ने कागजातहरुः-

क. फर्म, संस्था वा कम्पनी दर्ता सम्बन्धी प्रमाण पत्रको प्रतिलिपि,

ख. नवीकरण पत्रको प्रतिलिपि,

ग. कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि,

घ. दररेट र कर्मचारी संख्या लगायत ।

७. अन्य कुराहरु सेवा (संस्था) करार सम्झौता र प्रचलित कानून बमोजिम लागू हुनेछन् ।

८. सेवा प्रदायक छनोट गर्ने सम्पूर्ण अधिकार जिल्ला हुलाक कार्यालय, सिन्धुलीमा निहित हुनेछ ।

थप जानकारीका लागि सम्पर्क नम्बर ०४७-५२०१२१ इमेल sindhuli@nepalpost.gov.np

**हुलाक अधिकृत**
जिल्ला हुलाक कार्यालय,
सिन्धुली।